**मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका पर्यटन तथा संस्कृती प्रवर्द्धन समिति गठन तथा कार्यसञ्चालन कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति,२०७८ ,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिका सहकारी संस्था एकिकरण निर्देशिका,२०७८ स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका सहकारी संस्था एकिकरण निर्देशिका,२०७८ स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका सहकारी नियमावली,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकामा सर्भेक्षक पद खालि रहेकोले उक्त पदमा आवश्यक कानुनी प्रकृया पुरा गरी करारसेवामा पदपुर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका स्मार्ट छोरी बिहेवारी २० बर्षपारी कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ अनुसूचि ५ दफा २ को उपदफा ञ संग सम्बन्धीत निर्देशक समितिमा कार्यपालिका सदस्य द्वय श्री शान्ता पुन र श्री डिला परियारलाई मनोनयन गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :

## निर्णय नं. ९

तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेका बद्यशाला र आलु मण्डीका सटरहरुमा व्यवसाय गर्दै आइरहेका व्यवसायीहरु संग बद्यशालाको हकमा १ वर्ष र आलु मण्डी, पसल घरमा व्यवसाय गर्दै आंएका व्यवसायीहरु संग २ वर्षका लागि आर्थिक ऐन २०७८ मा उल्लेखित भाडा दरमा सम्झौता गरिदिने र साझा बजारको हकमा पहिलेकै सम्झौता बमोजिमको भाडा दरमा २ वर्षका लागि म्याद थप गरिदिने निर्णय गरियो ।

## निर्णय १०

घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र समयमा नवीकरण नगरेकाको लागि कोभिड लगाएतका कारणले छुट हुन गएका व्यवसायीहरुको इजाजपत्र तुलसीपुर उपमहानगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि २०७४ को दफा ३ बमोजिमको म्याद नाधि दफा ४ बमोजिम खारेजीमा परेका हुँदा सोको नवीकरण गर्न लाग्ने कुल राजश्वको सत प्रतिशत जरिवाना थप गरी आ.व. २०७८।०७९ को पुष मसान्त सम्म नवीकरण गर्न आए अन्तिम एक पटकको लागि नवीकरण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

तुलसीपुर उपमहानगरपालिकको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ मा उल्लेख भए बमोजिमको आवश्यक कागजात सहित निवेदन पेश भएका तपसिल बमोजिमका फर्महरुलाई कार्यविधिको दफा २ बमोजिम निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | फर्मको नाम ठेगाना | प्रोपराइटर नाम | कैफियत |
|---|---|---|---|
| १ | बैभव कन्स्ट्रक्सन | विकान्त योगी | |
| २ | ब्लु हाइटस कन्स्ट्रक्सन एण्ड सप्लांयर्स प्रा लि | विवेक के सी सुशन कार्की | |
| ३ | सिद्धार्थ हाउजिङ एण्ड कन्स्ट्रक्सन प्रा.ली | दुर्गा कठायत | |
| ४ | ए आर एस कन्स्ट्रक्सन | | |

मोहन पौडेल
प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :

| क्र.स | फर्मको नाम ठेगाना | प्रोपरांइटर नाम | कैफियत |
|---|---|---|---|
| ५ | विश्वलक्ष्मी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा लि | रुपलाल वि क | |
| ६ | पि एण्ड वि कन्स्ट्रसन | प्रभात थापा मगर र विज्ञान थापा | |
| ७ | अभिषेक एण्ड आभाष मल्टिप्रपोज प्रा लि | गोपाल वली | |

**निर्णय नं १२**

शारदा निर्माण सेवालाई पेट्रोल पम्प सन्चालनको कार्यादेश पाएको मितिले डेढ वर्ष भित्र निर्माण सम्पन्न गरिसक्नु भनि सम्झौताको बुदा नं.४.२ परिक्षणकाल तथा कार्य प्रारम्भमा स्वीकृत पाएको मितिले डेढ वर्ष भित्र पेट्रोल पम्म तथा सम्बन्धित संरचना हरु निर्माण गरिसक्नु पर्ने समझदारी भएकोले सम्झौताको दोश्रो पक्ष श्री सारदा निर्माण सेवाले मिति २०७७।३।११ गते यस कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला गरेको भाडा वापतको राजश्व रकम रु.४,५७,५००।(चारलाख सन्ताएनन हजा पांच सय) मात्र आ.व. २०७८।०७९ को भाडा रकममा मिलान गर्ने निर्णय गरियो । साथै उक्त पेट्रोल पम्प परिसरमा विद्युतीय चार्जिङ स्टेशन निर्माणको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

आ.व. २०७६।०७७ देखि लागू भएको बसपार्क स्थित टर्मिनल भवन र ५२ सटरको ठेक्का व्यवस्थापन धनगढी ४ कैलाली स्थित बुढाथोकी ट्रेड एण्ड सप्लायर्सले व्यवस्थापन गर्दै आएकोमा आ.व. २०७७।०७८ को ठेक्का नवीकरण गर्न पटक पटक ताकेता गर्दा पनि नआएको हुँदा मिति २०७७।११।११ बसेको बैठकले ठेक्का संझौता रद्ध गरी कारवाही प्रकिया अगाडी बढाइएकोमा हाल फर्मको प्रोप्राइटरको नामको जग्गा समेत रोक्का रहेकोले विश्वव्यापी महामारी कोभिड १९ को परिदृष्यलाई मध्यनजर गर्दै व्यवसायीलाई परेको मर्कामा नगरपालिकाले कसरी अविभावकत्व निर्वाह गर्न सक्छ र ठेक्का नवीकरण नगरिदा नगरपालिकालाई पुगेको क्षति सरकारी ऐन नियम र कार्यविधिका आधारमा कसरी पूर्ति गर्न सकिन्छ भनि दोहोरो बिश्लेषण गरी सो विषयमा आर्थिक विकास समितिका संयोजक श्री माधव वली, ५ नम्बर वडाका वडा अध्यक्ष श्री विरेन्द्र कुमार शाह, ९ नं वडाका वडा अध्यक्ष श्री घनश्याम ढकाल र ३ नं वडाका वडा अध्यक्ष श्री विर बहादुर वि क ले संयुक्त प्रतिवेदन पेश गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :**

**निर्णय नं १४**

मिति २०७८।०२।११ गते र मिति २०७८।०३।१६ गते रु.२,५६,४५,०००।–दुई पटक सम्म बसपार्क पुर्वाधार शुल्क उठाउने ठेक्का आव्हान गर्दा पनि कुनै बोलपत्र दाताले बोलपत्र पेश नगर्नू भएको हुँदा न्यूनतम अंकमा पुनर्विचार गर्नु पर्ने आवश्यकता देखिएकोले तत् सम्बन्धमा कुल न्यूनतम ठेक्का अंकमा ४० प्रतिशतले घटाई प्रतिबर्ष कबोल अंक २ प्रतिशतले बढने गरी पुन ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

आई.ई.ई. पुनरावलोकन समितिमा संयोजक पद रिक्त हुन गएको सम्बन्धमा उक्त पदमा यस कार्यालयका (अधिकृत स्तर आठौं) कृषि शाखाका शाखा प्रमुख श्री धनराज गौतमलाई संयोजक तोक्ने निर्णय गरियो ।

**निर्णय नं १६**

तुलसीपुर उपमहानगरपालिका भित्रका कर दाताहरुले विद्युतिय भुक्तानीको माध्यमवाट कर दाखिला गर्न चाहेमा घरमै बसेर सेवा लिन सक्ने गरी ई सेवा र मोरु वालेट लगायतका संस्थाहरुबाट प्रस्तावना माग गरी सम्झौता गर्ने त्यस्तो सेवा प्रदायकले एक आर्थिक वर्ष निशुल्क सेवा दिनु पर्ने र आगामी आर्थिक वर्ष वाट स्वयं करदाताहरुवाट १.५ प्रतिशत सेवा शुल्क लिने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

तुलसीपुर उप महानगरपालिका वडा नं १ अन्तरगत छोटे कुलाको बाँध देखि अविधारा खिम बहादुर रास्कोटीको घर सम्मको बाटो चौडा गराउने कार्य अगाडी बढाउनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र सो सम्पन्न भए पछि मात्र आइ ई ई को प्रकिया शुरु गर्ने निर्णय गरियो । साथै उक्त सडकमा थुप्रिएका ढुङ्गा उपभोक्ता समितिको निर्णय,वडा कार्यालयको सिफारिस, सर्जिमिन मुचूल्का र स्टक प्रमाणित गराई तुलसीपुर- घोराही - लमही सडक परियोजना फोरलेन सडकका लागि तोकिएको राजस्व लिइ ढुवानीका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिका नगर क्षेत्रमा तपसिल बमोजिमको पर्यटकीय क्षेत्र सूचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तुलसीपुर उपमहानगरपालिका बिपद जोखिम न्यूनिकरण तुलसीपुर कार्यमञ्चको सञ्चालन मार्गदर्शन,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तुलसीपुर उपमहानगरपालिकाको तपसिल बमोजिमको प्रस्ताबित संगठन संरचनामा स्वीकृत गरी आ.ब.२०७८/०७९ मा संगठन तथा ब्यवस्थापन (O&M Surve) गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

२०७८ साल् कार्तिक महिनामा परेको बेमौसी बर्षाका कारण किसानहरुको धानबालिमा क्षेती भएकोले कृषि बिकास शाखा मार्फत सोको एकिन विवरण संकलन गरी वास्तबिक क्षेती भएका किसानहरुलाई उन्नत जातका हिंउदे बालिको बिउ उपलब्ध गराउने र आवश्यक क्षेतीपुर्तिका लागि संघिय सरकार र प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

तुलसीपुर उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक बिकास समितिको सदस्य सचिवमा महिला बालबालिका तथा सामाजिक बिकास शाखा प्रमुख अधिकृत छैंठौ तह श्री मांया श्रेष्ठलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तुलसीपुर उपमहानगरपालिका रोजगार प्रवर्द्धन शाखामा रिक्त रहेको प्राबिधिक सहायक पदको आवश्यक प्रकृया पुरा गरी करार नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

तुलसीपुर उपमहानगरपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७८को ६(१),६(२),६(४) अनुसार २०७७ असार मसान्त सम्म मात्र अभिलेखिकरणको म्याद रहेकोमा सोको म्याद २०७९ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

गोविन्द पौडेल
प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. २५**

तुलसीपुर उपमहानगरपालिकाको शैक्षिक,संस्थागत तथा बहुतल्ले भवनहरुका लागि मूलद्धारमा न्यूनतम ५ मिटर कायम गरी अन्य दिशामा सडकको पुहंच रहेको खण्डमा न्यूनतम ३ मिटर सेटब्याक कायम गर्ने गरी अनुनिमति दिने साथै भवन निर्माण तथा योजना मापदण्ड २०७७ बमोजिम बहुतल्ले भवन निमाृण गर्दा भवन तर्फ फर्केको मुख्य सडकको चौडाई न्यूनतम १२ मिटर रहेकोमा सोलाई संशोधन गरी न्यूनतम ८ मिटर कायम गर्ने र अस्पताल,स्वास्थ्य केन्द्र,शैक्षिक संस्था,पोलिक्लिनिक,नर्सिङ्ग होमका लागि अधिकतम ग्राउड कभरेज तथा फार ५० प्रतिशत (२.५) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तुलसीपुर उपमहानगरपालिका प्रधानाध्यापक छनोट तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा सञ्चालिन लिटिल प्लावर्सलाई १२ को कक्षा सञ्चालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

घोराही उपमहानगरपालिका वडा नं.१३ मा संञ्चालिन रुक्मीना ई.बो.लाई तुलसीपुर उपमहानगरपालिका वडा नं १४ मा स्थानान्त्रणको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ बस्ने सुशिला रानाको टाउकोमा नसा सम्बन्धी रोगबाट ग्रसिल भई घरमै रहेको र आर्थिक अवस्था कमजोर भई उपचारमा समस्या रहेकोले वडा नं. ७ को च.नं.१३०९ मिति २०७८।६।१७ गतेको पत्रबाट आर्थिक सहयोगका लागि सिफारिस भई आएकोले उपचार खर्च वापत रु ५००००।(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ कार्तिक १० गते (वि.सं. २०७८।७।१०) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२१औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ३०**

साबिक स्थानीय बिकास मन्त्रालयको च.नं.८० मिति २०६६।५।२४को प्राप्त पत्र तथा तुलसीपुर उपमहानगरपालिकाका अमिन श्री बिक्रम गौतमको प्रतिवेदन तथा भूमिब्यवस्था शाखाको राय बमोजिम यस तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेका साबिक तुलसीपुर ५ ख कि.नं.४९९३ को क्षेत्रफलमा तुलसीपुर उपमहानगरपालिकाले प्लट नं. ६२,६३,६४,६५,९६,९५,१६,६२ जग्गा साबिक तुलसीपुर नगरपालिकाले ब्यक्तिहरुलाई बिक्रि बितरण गरेको तर सम्बन्धीत ब्यक्तिहरुका नाममा उल्लेखित किक्ताका जग्गाहरु दर्ताको प्रकृयामा रहेको र विविध कारणबाट सो जग्गा निजहरुका नाममा दर्ता श्रेष्ता हुन नसकेको तथा उक्त जग्गामा ८ घरभुरीले पक्कि घर निर्माण गरी बसोबास तथा ब्यापार ब्यवसाय समेत गरेकोले स्थानीय सरकारको कर्तब्य नागरिकको सेवा,समस्याको समाधान तथा ब्यवस्थापनको समेत जिम्मेवारी रहने भएकोले प्राकृतिक न्यायका आधारमा हाल उक्त जग्गा निजहरुका नाममा हकहस्तान्त्रण नगर्दा लामो समय सम्म समस्या बलझि राख्ने र सम्बन्धीत ब्यक्तिहरुमा समेत पारिवारक तथा ब्यक्तिगत समयस्या आउने देखिएकोले माथि उल्लेखित जग्गाहरुको नियमानुसार हक हस्तान्त्रण गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७७/०७८ को जिन्सी निरिक्षण प्रतिवेदनमा लिलाम गर्ने भनि औंल्याईएका तपसिल बमोजिमका जिन्सी सामानहरु तुलसीपुर उपमहानगरपालिकाको स्वामीत्वमा सञ्चालित मेट्रो कलेजमा अध्ययनरत बिद्यार्थीहरुको प्रयोगात्मक अभ्यासका लागि आवश्यक प्रकृया पुरा गरी हस्तान्त्रण गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. दमकल १थान

२ रा १ त ६४ टेक्टर १थान

३. बा.१ झ ६७१८ नं को टोयोटा हाईलेक्स जीप १ थान

**निर्णय नं. ३२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ को आ.ब.२०७८/०७९को वडास्तरीय बजेटको शिर्षक नं. ३११५१ को बजेट कपडादेबी थारुगाउको नाला शिर्षकमा बिनियोजन भएकोमा उक्त स्थानमा पहिले नै पक्कि नाला निर्माण भई सकेकोले उक्त रकम रु ५०००००।(पांचलाख) लाई शिर्षकान्तर गरी पुकार पसंल देखि टरीगाउ जानेबाटोमा नाला निर्माण गर्ने निर्णय गरियो ।

(मिति २०७८।७।१० का.पा. १२१ औं का.पा. बैठक निर्णयहरु)

अर्जुन पौडेल
प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख